**TUTA Journal Vol 9/10 (1), 2021/2022, ISSN : 2350-8892**

# *अग्नि* महाकाव्यमा वर्गीय सीमान्तीयता

**माधवप्रसाद भुसाल, शिक्षण सहायक (नेपाली विभाग), पाटन संयुक्त क्याम्पस, पाटनढोका ललितपुर**

Email : bhusalmadhav019@gmail.com

**लेखसार**

प्रस्तुत लेख मूलतः अग्नि महाकाव्यमा निहित वर्गीय सीमान्तीयताको विश्लेषणमा केन्द्रीत छ । यस लेखमा अग्नि महाकाव्यमा प्रयोग गरिएका पात्रका आधारमा विषयवस्तुको विश्लेषण र संश्लेषण गर्ने भएकोले यो विषयवस्तु विश्लेषणमा आधारित अनुसन्धान हो । यस लेखका सामग्रीको सङ्कलन प्राथमिक र द्वितीयक सामग्रीको उपयोगबाट गरिएको छ । यसमा सैद्धान्तिक पर्याधारका रूपमा सीमान्तीयतालाई उपयोग गरिएको छ । यस लेखमा केन्द्रीकृत सामाजिक, सांस्कृतिक विधान रहेको नेपालको राज्य प्रणाली र उक्त राज्यप्रणालीमा सीमान्तीय समूहका रूपमा रहेका दलित जाति, वर्गीय रूपमा के, कसरी र किन ? सीमान्तीय तुल्याइएका छन् भन्ने पक्षको विश्लेषण गरिएको छ । यस लेखमा अग्नि महाकव्यमा प्रस्तुत गरिएका ठूले कामी, छेलाङी विश्वकर्मा, जुनीमाया लगायतका पात्रहरू वर्गीय सम्बन्ध र वर्गीय सत्ताभन्दा बाहिर उपेक्षित, उत्पीडित र आवाज विहिन बनाइएको सन्दर्भलाई केन्द्रीय पीठिकाका रूपमा प्रस्तुत गरी अग्नि महाकाव्यको विषयवस्तु र पात्र चयन गरिएको विषयमा विमर्श गरिएको छ ।

*शब्दकुञ्जिका* : वर्ग, वर्गीयसम्बन्ध, अभिजात्य, वर्गीय शोषण

Articles information : Manuscript Receive : 22/06/2022, Review Date : 24/10/2022, Date of Acceptance : 20/12/2022, Publisher : Mahendra Morang Adarsh Multiple Campus, TUTA Unit, Biratnagar.
DOI : https://doi.org/10.3126/tutaj.v10i1.74320
Journal Homepage : https://nepjol.info/index.php/tutaj/index Copy right (c) 2024 TUTA Journal This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

नेपाली साहित्यमा २०७८ सालको मदन पुरस्कार जितेर निकै चर्चित बनेको 'अग्नि' (२०७८) महाकाव्य डा. नवराज लम्साल (सन् १९६९ जुलाई २३) को आठौँ पुस्तकाकारको कविता कृति हो । महाकाव्य लेखनका दृष्टिले यो उनको तेस्रो कृति हो । लम्सालले २०४१ सालबाटै "अरुणोदय" पत्रिकामा कविता छपाएर औपचारिक साहित्यिक यात्रा सुरु गरेका थिए । त्यसपछि उनले पाइलैपिच्छे सगरमाथा कविता सङ्ग्रह (२०६१), आगो छोपेर कतिन्जेल कविता सङ्ग्रह (२०६२), धुनभित्र धुनबाहिर गीत सङ्ग्रह (२०६२), कर्ण महाकाव्य (२०६६), उडूँ उडूँ लाग्छ ! बालगीत सङ्ग्रह (२०७२), क्रमशः एक्लै एक्लै कविता सङ्ग्रह (२०७४) र धरा महाकाव्य (२०७६) प्रकाशित रहेका छन् । कविता, गीत र महाकाव्यको रचनाका लागि नेपाली समाज र संस्कृतिको प्रतिबिम्ब पाइने लम्सालको 'अग्नि' मा परम्परित नेपाली महाकाव्यको बोझिलो कथन र संरचनात्मक ढाँचालाई नै धेरैहदसम्म परिवर्तन गरेको छ । जम्मा २८६ पृष्ठमा फैलिएको यस महाकाव्यमा मूल विषयलाई छ खण्ड र तिनका पनि विभिन्न उपखण्डमा विभाजित गरी प्रस्तुत गरिएको छ । छ खण्डको विभाजन शरीरका षड्चक्र (मूलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्ध र आज्ञा) सँग सम्बन्धित तुल्याई गरिएको छ । महाकाव्यका ठाउँ

ठाउँमा पूर्वीय चिन्तनलाई सान्दर्भिक बनाई प्रस्तुत गर्नुका साथै मानवता विरोधी पौराणिक र कर्मकाण्डीय सन्दर्भहरूको प्रासङ्गिक आलोचना पनि गरिएको छ । महाकाव्य गद्य लयमा आधारित भए पनि अन्त्यको उपसंहार भने उपजाति छन्दमा रहेको छ ।

'अग्नि' को विषय ऐतिहासिक भएर पनि एकदमै नवीन र सामयिक छ । परम्परित नेपाली महाकाव्यीय कथनमा क्लिष्टता वा दुर्बोध्यताको जुन बोझ पाठकहरूले झेल्थे त्यसबाट यो धेरै नै मुक्त छ । सहज, सरल र सम्प्रेष्य भाषामा पनि सरसतापूर्वक समाजका सीमान्तकृत समुदायको गम्भीर मुद्दा महाकाव्यको विषय र कथ्य बन्न सक्ने कुरा यसले स्थापित गरेको छ । यसको विषयको केन्द्रमा नामुद कालिगढ ठूले कामी र उसकै वंशको छेलाङी अनि छेलाङीसँग प्रेम गरेर उसैसँग भाग्न बाध्य भएकी जुनीमया ठकुरीको व्यथामय कथा छ । समाज र राज्यसत्ताले उनीहरूप्रति चरम अमानवीयता प्रदर्शन गर्दै इतिहासशून्य बनाइदिने जुन परिपाटी छ त्यसप्रति गम्भीर विमति, आक्रोश व्यक्त गर्दै उनीहरूको इतिहासको पुनर्लेखनको आग्रह यसमा रहेको छ । त्यसैले प्रस्तुत कृति सीमान्तीयता (सबाल्टर्न) का दृष्टिले महत्त्वपूर्ण अध्ययन सामग्री बनेको छ ।

सीमान्तीयता अङ्ग्रेजी सबाल्टर्न शब्दको नेपाली निकट रूप हो । यसलाई पारिभाषिक रूपमा अथ्र्याउने काम प्रथमतः इटालेली नव मार्क्सवादी तथा सांस्कृतिक चिन्तक अन्तोनियो ग्राम्सीले आफ्नो जेलमा तयार पारेको प्रिजन नोट बुकस्मा गरेका छन् । उनले यसलाई अधीनस्थ, पराधीन, शासित, इतिहासहीन तल्लो वर्ग भन्ने अर्थमा लिएका छन् । यस्ता वर्गको समाज र राष्ट्रनिर्माणमा उल्लेख्य भूमिका हुने भए पनि शक्तिका आडमा लेखिएको परम्परित इतिहासमा तिनको उल्लेख गरिँदैनथ्यो । तिनै सीमान्तकृत वर्ग वा समुदायको छरिएर रहेको इतिहासको पुनर्लेखन गर्ने उद्देश्यले बेलायतमा रहेका रन्जित गुहा, पार्थ चटर्जी, गौतम भद्रा, गायत्री चक्रवर्ती स्पिभाक, सहिन अमिन जस्ता भारतीय इतिहासकारले सन् १९८२ देखि दक्षिण एसियाली (विशेषतः भारतको) सीमान्तीय अध्ययन (सबाल्टर्न स्टडी) अगाडि बढाउँदै जाँदा यो विस्तारै विश्वव्यापी बन्दै गयो । सुरुमा सामाजिक इतिहासको पुनर्लेखनमा केन्द्रित यो अध्ययन पछि पछि राजनीति, अर्थशास्त्र र समाजशास्त्र हुँदै साहित्यमा पनि प्रवेश गर्‍यो । साहित्यमा प्रथमतः गायत्री चक्रवर्ती स्पिभाकले यसलाई प्रवेश गराएको छ ।

साहित्यको सीमान्तीय अध्ययन मूलतः मार्क्सवाद, नारीवाद जस्तै अन्तर्वस्तुपरक अध्ययन हो । यो नवमार्क्सवाद, उत्तरसंरचनावाद, उत्तरआधुनिकतावाद र उत्तरऔपनिवेशवादकै पृष्ठभूमिमा विकसित सांस्कृतिक अध्ययनको एउटा प्रकार हो । यसले साहित्यिक कृतिमा समाजका आवाज विहीन, अशक्त, निर्धा, दबिएका वा दबाइएका दलित, शासित, किनारीकृत, श्रमिक, निम्न वर्गीय जस्ता पात्रहरूको उपस्थिति के कस्तो रूपमा रहेको छ भनी अध्ययन गर्छ । यस क्रममा आवश्यकताअनुसार उनीहरूको वर्गीयता, जातीयता, धार्मिक, सांस्कृतिक, सामाजिक, शैक्षिक आदि अनेक पक्षलाई केलाउँदै कृति, कृतिकार र स्वयम् सीमान्तीकृतको आवाजलाई पनि अन्वेषण विश्लेषण गर्दै निष्कर्ष कथनमा पुग्छ ।

## समस्याकथन र अध्ययनविधि

प्रस्तुत अनुसन्धानको मूल समस्या 'अग्नि' महाकाव्यमा सीमान्तीयताको अन्वेषण गरी निष्कर्षमा पुग्नु हो । 'अग्नि' महाकाव्यमा वर्गीय सीमान्तीयताको अवस्था के कस्तो रहेको छ ? भन्ने यसको समस्या हो भने यस अनुसन्धानको मूल उद्देश्य 'अग्नि' महाकाव्यको सीमान्तीयताको अन्वेषण र विश्लेषण गरी निष्कर्षमा पुग्नु हो । यसमा 'अग्नि' महाकाव्यमा सीमान्त समुदायको वर्गीय स्थिति अन्वेषण विश्लेषण गर्नु मुख्य उद्देश्य रहेको छ ।

प्रस्तुत अध्ययनको अध्ययन सामग्रीको स्रोत पुस्तकालय रहेको छ । पुस्तकालयको अर्थ परम्परित पुस्तकालयमात्रै नभई विद्युतीय पुस्तकालय (इ–लाइब्रेरी) समेत बुभ्mनुपर्छ । तिनबाट यसको प्राथमिक स्रोतका रूपमा रहने 'अग्नि' महाकाव्य अनि द्वितीय स्रोतका रूपमा रहेका त्यस महाकाव्यका बारेमा गरिएको विभिन्न समीक्षा र सीमान्तीय अध्ययनका

सैद्धान्तिक र व्यावहारिक महत्त्वपूर्ण सामग्रीहरू सङ्कलन गरिएको छ । त्यस्ता सङ्कलित सामग्रीमध्येबाट आवश्यकता र प्राथमिकताका आधारमा व्यवस्थित ढङ्गमा बढी उपयोगी कुरा टिपोटपत्रमा टिपेर शोधको अध्ययन विश्लेषणमा त्यसको उपयोग गरिएको छ । प्रस्तुत अध्ययन सीमान्तीय वा सबाल्टर्न अध्ययन पद्धतिमा आधारित भएर गरिएको हुँदा मूलतः निगमनात्मक शोधविधिमा आधारित रहेर कृतिको अध्ययन (वर्णन, विश्लेषण र निष्कर्ष कथन) गरिएको छ । तर कतिपय अवस्थामा कृतिगत तथ्य केलाउँदा अंश विशेषमा आगमनात्मक विधिको पनि उपयोग रहेको छ । यस क्रममा सीमान्तीयताका केही नव सन्दर्भ पनि यहाँ प्रासङ्गिक बनेर आएका छन् ।

## सैद्धान्तिक पर्याधार

सीमान्तीयताको सैद्धान्तिक र व्यावहारिक पक्षको थालनी पश्चिमबाट भएको हुँदा यहाँ अङ्ग्रेजी भाषाको सबाल्टर्न (कगदबतिभचल) शब्दको समानार्थी शब्दका रूपमा सीमान्तीयता शब्दको प्रयोग गरिएको छ । सबाल्टर्न शब्द पनि ल्याटिन भाषाको कगदबतिभचलगक बाट विकसित भएको मानिन्छ । ल्याटिन भाषाअनुसार पनि त्यसको अर्थ अरू सबैभन्दा तल्लो भन्ने बुझिन्छ (शर्मा, २०७०, पृ.३१६) । अङ्ग्रेजीको सबाल्टर्न शब्दले पनि तल्लो तह वा दर्जाको मानिसलाई नै जनाउने कुरा अक्स्फोर्ड सङ्क्षिप्त शब्दकोशमा पाइन्छ ।

यसले अहिले पारिभाषिक अर्थ ग्रहण गरिसकेको छ । आज यसको अर्थ ‘‘सदियौँदेखि शासित, आवाज विहीन तथा इतिहास विहीन वर्ग’’ (श्रेष्ठ, २०६८, पृ.१) भन्ने पनि गरिन्छ तर यो अर्थ समयक्रममा विकसित हुँदै आएको हो । सोरौँ शताब्दीतिर यसले साना किसान वा कामदारको अर्थ दिन्थ्यो भने त्यसपछि कप्तानभन्दा तल्लो दर्जाका सैनिक भन्ने अर्थ दिन्थ्यो । बिसौँ शताब्दीबाट भने यसले सामाजिक, आर्थिक, राजनैतिक आदि दृष्टिले तल परेका वा पारिएका समुदाय वा व्यक्ति भन्ने अर्थ दिन थाल्यो । यसको यस्तो अर्थ विकास गराउने काम प्रथमतः इटलेली नवमार्क्सवादी एन्टोनियो ग्राम्चीले गरेको मानिन्छ । सोही अर्थमा यहाँ सीमान्त/सबाल्टर्न (व्यक्ति वा समुदाय) र सीमान्तमा रहेको भावको अर्थमा सीमान्तीयता शब्दको प्रयोग गरिएको छ ।

यो समाजको हरेक दृष्टिले तल्लो तहको मानव र उसको समुदायसँग सम्बन्धित छ । अर्थ निर्धारित वर्गीयता यसको एउटा सामान्य अभिलक्षण हो । त्यसबाहेक यसमा जाति, लिङ्ग, उमेर, वर्ण, धर्म, क्षेत्र जस्ता धेरै कुरा पर्दछन् । तिनैका कारण व्यक्ति वा समुदायले आआफूलाई अर्को व्यक्ति वा समुदायभन्दा उपेक्षित, अपहेलित, पराधीन र उत्पीडित ठान्छ तापनि भन्न सक्दैन । भनिहाले पनि उसको कुरा सुनिन्न, त्यसै दबाइन्छ । ऊ निमुखो, निर्धो हुँदा उसको श्रमको शोषण गरिन्छ । मालिकको दलन सहनु उसको नियति जस्तै हुन्छ । उसको आफ्नो समुदाय भए पनि सचेत र सङ्गठित नहुँदा शोषणको प्रतिरोध गर्न सक्दैन । समाज र राष्ट्रनिर्माणमा उसको खटाइ अद्भूत भए पनि शक्ति र सत्ताबाट टाढा रहेको हुँदा ऊ इतिहासविहीन भएर बाँच्न बाध्य छ । त्यसैले यस्ता आवाज विहीन र इतिहास विहीनको अवस्था बुझी तिनका पक्षमा बोल्नु, तिनको इतिहास निर्माण गर्नु र तिनको मूल्य समाजलाई बोध गराउनु यसको दायित्व हो ।

हैकम चलाउने सम्भ्रान्त वर्गका कारण सीमान्तकृत समुदायमा देखिने दुरवस्था नै सीमान्तीयता हो । यो कजाउने अधिकारीमा नभई कजिने पराधीनमा हुने कुरा हो । सीमान्त व्यक्ति वा समुदाय स्वाधीन र स्वतन्त्र नहुँदासम्म ऊ सीमान्तीयताबाट मुक्त हुँदैन । त्यस्तै शक्तिमा रहेकाले सीमान्त समुदायको चरम दुरूपयोग पनि गरेका हुन्छन् । जस्तै– शक्तिशालीले पैसाका बलमा आफ्नो पक्षको जुलुस वा प्रदर्शनमा लाने, आफ्नो पक्षमा मतदान गर्न लगाउने, आआफूले

गरेको अपराध उसलाई सकार्न लगाउने आदि । सम्भ्रान्त वर्गले सीमान्त समुदायप्रति गर्ने यस्ता ज्यादतीको गहन निरीक्षण गरी प्रतिरोधको चेतना सञ्चार गराउने काम पनि यसमा गरिन्छ ।

कतिपय अवस्थामा सीमान्तीयता सापेक्षताका आधारबाट पनि चिनिन्छ । जस्तै– पुरुष–स्त्री, सधवा–विधवा, सहरिया–काँठे वा पहाडिया, युवा–बालक, प्रौढ–युवा, शिक्षित–अशिक्षित, सम्पन्न–विपन्न, शोषक–शोषित, अधिकारी–अधीनस्थ, समर्थ–असमर्थ, सबल–दुर्बल, सशक्त–अशक्त, वाचाल–आवाजहीन आदि । यस्तो स्थिति व्यक्ति, समुदाय, समाज र राष्ट्रमा पनि हुन सक्छ । जस्तै– नेपाल शक्तिका कारण छिमेकीका सापेक्षतामा प्रशस्त सीमान्तीयताले भरिएको छ । यसबाहेक कुनै व्यक्ति वा समुदाय जातिका कारण उपल्लो वर्गमा परे पनि अर्थ आदि कारणले तल्लो वर्गमा परेको हुन सक्छ । यस्तै कतिपय शिक्षा, रोजगारी र सामाजिक गतिशीलताका कारणले हिजो सीमान्त भए पनि आज नहुन सक्छन् । आज ती केन्द्रको सुविधा र विशेषाधिकारबाट बहिष्कृत नभई तिनको उपभोग गर्न थालेका हुन्छन् सुवेदी, २०६८, पृ. ३२) । तिनमा उच्च वा सम्भ्रान्तपन विकास हुन थाल्छ । त्यसैले तिनमा अब सीमान्तीयता पाइन्न र तिनले सीमान्त समुदायको प्रतिनिधित्व पनि नगर्ने ठानिन्छ तर सीमान्तीयताको विज्ञ सल्लाहकार भने तिनलाई मान्न सकिन्छ ।

अर्को कुरा मार्क्सको सर्वहारा (श्रमिक/किसान) र गाम्चीको सबाल्टर्न (सीमान्त समुदाय) दुवै निम्न वर्गीय भए पनि एकै होइनन् । सबाल्टर्नभित्र सर्वहारा पर्छ तर सर्वहाराभित्र सबाल्टर्न अटाउँदैन किनभने यसमा मगन्ते, अशक्त, निमुखा, असहाय, पराधीन आदि धेरै पर्दछन् (उप्रेती, २०६८, पृ.४५) । यो सापेक्ष पनि हुन्छ । जस्तै– स्थानीय स्तरमा सम्भ्रान्त वा नवसम्भ्रान्त देखिए पनि केन्द्र वा विदेशी शक्तिकेन्द्रसामु ऊ अधीनस्थ वा सबाल्टर्न हुन्छ । त्यसैले यो व्यापक छ । सर्वहाराको आफ्नो राजनैतिक श्रम सङ्गठन हुन्छ । उनीहरू सङ्गठित भएर क्रान्ति गर्न सक्छन् तर सबाल्टर्न आवाजहीन, निमुखा र निर्धा हुन्छन् । तिनको त्यस्तो राजनैतिक सङ्गठन नहुने हुँदा वैयक्तिक विद्रोह केहीमा देखिए पनि सर्वहाराजस्ता क्रान्तिकारी पनि हुँदैनन् (शर्मा, २०७०, पृ.३२१) । क्रान्तिको नेतृत्व तिनले गर्ने सामर्थ्य राख्दैनन् । तर यसमा गायत्री स्पिभाक र रञ्जित गुहाको मत केही भिन्न छ । दुवैले सर्वहाराजस्ता अर्थ र श्रमसँग जोडिएका उत्पीडित वर्गभन्दा सबाल्टर्न धेरै भिन्न ठान्दछन् । गुहाले अर्थ, वर्ग, जात, लिङ्ग, उमेर जस्ता आधारमा सीमान्त समुदाय छुट्टिने ठान्छन् । स्पिभाकले पनि त्यस्ता सबाल्टर्न निर्धा, निमुखा र आवाजहीन हुने हुँदा तिनका पक्षमा तिनको आवाज बोल्नुपर्छ भन्छिन् तर गुहाले तिनका पक्षमा मात्रै बोल्ने होइन, तिनलाई नै बोल्न लगाउनु पनि पर्छ भनेको बुझिन्छ (बराल, २०७७, पृ.१८२) । स्पिभाक सबाल्टर्नलाई सर्वाहाराजस्तो सङ्गठित रूपमा चेतनशील बनाउने पक्षमा भने देखिन्नन् । मार्क्सवादी समीक्षक ऋषिराज बराल भने सबाल्टर्न अध्ययनमा तीन प्रवृत्ति विकास भएको देख्छन् । उनले सबाल्टर्नलाई चिनाउने क्रममा रञ्जित गुहा सुरुमा स्थानीयतावादी र पछि उत्तरसंरचनावादी, स्पिभाक उत्तरसंरचनावादी विनिर्माणवादी र दीपेश चक्रवर्ती उत्तरमार्क्सवादी रहेको जनाएका छन् (बराल, २०७७, पृ.१८३) । सबाल्टर्न अध्ययनप्रति उनको नकारात्मक दृष्टिकोण नै बढी देखिएको छ । उनी यसलाई मार्क्सवाद विरोधी प्रोजेक्ट मात्रै देख्दछन् । उनका विचारमा यो मार्क्सवादकै जगमा उभिएको र मार्क्सको निम्नवर्गीय अधिनायकत्वभन्दा बाहिरको कुरा होइन भन्ने उनको जवर्जस्त जिकिर रहेको छ (बराल, २०७७, पृ.१८३) । ग्राम्चीको "हेजेमनी" भनेकै मार्क्सको अधिनायकत्वको शब्दान्तरमात्रै हो भन्ने उनको धारणा देखिन्छ ।

यसरी मूलतः सम्भ्रान्तहरूको इतिहास लेखन परम्पराको खण्डन गर्दै हेपिएकाहरूको इतिहास लेखनलाई अगाडि बढाउने उद्देश्यले थालनी भएको सबाल्टर्न अध्ययनले सीमान्तीकृत समुदायका पक्षमा विविध धारणा सञ्चार गरेको छ । यस्ता धारणामा केही मतान्तर देखिए पनि यो राजनीति निरपेक्ष निर्धोका पक्षमै रहेको हुँदा मानवीयताका दृष्टिले पनि

महत्त्वको बनेको छ । त्यसैले यसको प्रभाव विस्तार विभिन्न भूगोल र विषयमा भएको छ । यही क्रममा साहित्यको अध्ययनमा पनि यो देखिएको छ ।

**परिणाम र छलफल**

नवराज लम्सालको 'अग्नि' महाकाव्यलाई अनेक कोणबाट अध्ययन गर्न सकिने भए पनि यसमा देखिएको महत्त्वपूर्ण कोण सीमान्तीयता रहेको हुँदा त्यही कोणबाट मात्रै यसको अध्ययन गरिएको छ । यसको विषय ऐतिहासिक भए पनि त्यसलाई सामयिक ढङ्गले अनुकूलन गरी प्रस्तुत गरिएको छ । सीमान्त वर्ग वा समुदायको उपेक्षित इतिहासको पुनर्लेखन यसले गर्न चाहेको छ । महाकाव्यको महत्त्वपूर्ण पात्र ठूले कामी एउटा निकै दक्ष कालिगढका रूपमा देखिएको छ तर उसको सीपको मूल्य शासकले बेलैमा चिन्न नसक्दा ऊ दरबारबाट तीरस्कृत भई व्यथित जीवन बाँच्दै मरेको छ । छेलाङी र जुनीमायाको प्रेम पनि जातीयताका कारण त्यस समाजमा स्वीकार्य हुन नसकी उनीहरू पलायन हुनुपरेको छ । यसमा वर्गीय सीमान्तीयता विश्लेषणका लागि महाकाव्यको विषयसन्दर्भ, महाकाव्यमा सीमान्तीकृत र गैरसीमान्तीकृत वर्गको सन्दर्भ, महाकाव्यका सीमान्तीकृत र गैरसीमान्तीकृत पात्र र तिनको वर्गीय भूमिका, सीमान्त पात्र र तिनको वर्गीय भूमिका, गैरसीमान्त पात्र र तिनको वर्गीय भूमिका जस्ता उपशीर्षकमा विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

'अग्नि' महाकाव्य सीमान्तीय अध्ययनका दृष्टिले उपयुक्त कृति रहेको छ किनभने यसको केन्द्रीय विषय, पात्र, परिवेश र उद्देश्य सीमान्तीयताको निरूपणमा केन्द्रित छ । समाजका सीमान्त पात्र अशिक्षित, विपन्न, अधीनस्थ र उत्पीडित त हुन्छन् नै कतिपय आफ्नो पीडा कथन गर्न पनि नसक्ने वा आवाज विहीन पनि हुन्छन् । नेपाली कला साहित्य सर्जकका रूपमा पनि सीमान्त वर्गको प्रवेश नगण्य नै देखिन्छ । यस्तो अवस्थामा तीप्रति सहानुभूतिशील भएर गैरसीमान्त लेखकहरूले नै उनका बारेमा लेख्नुको विकल्प छैन । यद्यपि गैरसीमान्त सर्जकले नभोगेका सीमान्तका जाति, धर्म, लिङ्ग, अर्थ, क्षेत्र, संस्कृति जस्ता अनेकन विषयका उत्पीडनको अभिव्यक्ति कति प्रामाणिक हुन्छ भन्ने बारेमा प्रशस्त विवाद त रहेकै छ तापनि सीमान्त वर्ग स्वयम् सक्षम नबन्दासम्म गैरसीमान्तले यो काम गम्भीर भएर गरिरहनुपर्नेमा एक किसिमको सहमति पनि छ । यही अध्ययनको पृष्ठभूमिमा 'अग्नि' महाकाव्यको वस्तुगत विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

**महाकाव्यको विषयसन्दर्भ**

'अग्नि' महाकाव्यमा ऐतिहासिक विषयवस्तुलाई वर्तमान कोणबाट बुनिएको छ । परम्परित इतिहासमा सीमान्त वर्गको कर्म खासै महत्त्वको नठानी उल्लेख नगरिएको भए पनि त्यो विषय बिर्सन योग्य थिएन भनी यस महाकाव्यमा त्यसको पुनरुत्पादन गरिएको छ । त्यस अर्थमा नवइतिहासवादी वर्तमान चेतनाबाट यस महाकाव्यको विषय बुनिएको छ तर यसको उद्देश्य इतिहास लेखन नै भने होइन । इतिहासमा नपरेका यस्ता विषय इतिहासमा पर्नुपर्छ; सत्तामा बस्ने र तिनकै अघिपछि गर्नेको मात्रै इतिहास लेखिनुहुन्न; राष्ट्र निर्माणमा पिँधमा बसेर भूमिका खेल्नेको इतिहास मेट्ने जुन काम हुँदै आएको छ त्यसलाई सच्याउनुपर्छ भन्ने अभिप्राय साथ यस महाकाव्यको विषय बढ्दै बढ्दै गएको छ । इतिहासमा ती बिर्सन योग्य किन थिएनन् भन्ने कुराको खोलुवा यसको विषयमा आएको छ । यस क्रममा मकवानपुरका सेन वंशी राजा हेमकर्णको १६० धार्ने फलाम आरनमा गालेर साना साना दुईवटा जेठी तरबार बनाउने ठूले कामी, उसकै वंश परम्पराको छेलाङी विश्वकर्मा, छेलाङीकी श्रीमती जुनीमायाहरूको कथा खुल्दैखुल्दै आएका छन् । महाकाव्यमा यस विषयलाई छ खण्ड र ती खण्डलाई पनि विभिन्न भाग (क्रमशः ७, ८, ८, ६, ७ र ३) मा विभाजित गरी प्रस्तुत गरिएको छ । यीमध्ये १–५ खण्डमा आफ्नो छाप्रोमा आएका कविसँग छेलाङीले संवादका रूपमा विषय प्रस्तुत गरेको छ । कविको भूमिका जिज्ञासु श्रोता जस्तो छ ।

छैटौँ खण्डको पहिलो भागमा कवि र जुनीमायाको संवाद आएको छ भने त्यसपछि कविकै मनमा खेलेका कुरा विषयका रूपमा आएका छन् । अन्त्यमा उपसंहार खण्ड राखिएको छ । कविको सम्बोधन जस्तो बनेर आएको यस खण्डमा महाकाव्यको कथ्य रहेको छ । अरू गद्य लयमा लेखिएको छ भने उपसंहार पद्य (उपजाति छन्दका ३५ श्लोक) लयमा लेखिएको छ ।

मूलाधार नामको पहिलो खण्डको १–६ भागसम्म छेलाङी विश्वकर्माले आआफूहरूमाथि समाजले अछुत, दलित ठानेर अन्याय गर्दै आएको तर आफ्ना पुर्खाले यस देशको निर्माणमा लगातार जगको ढुङ्गा बनेर काम गर्दै आएको जनाएको छ । मन्दिर, चैत्य, मूर्ति, दरबार, महलदेखि जेठी तरबार, खुँडा, खुकुरी, तोप, त्रिशुल, चिम्टा आदि अनेक निर्माण हामी गर्ने तर हाम्रो नाम कतै नरहने; धर्मशास्त्रको गलत व्याख्या गरी कर्मशील हामीलाई दलित, अछुत भनी घृणा तिरस्कार गर्ने, नागरिकताको प्रमाण दिएर अनागरिकको जस्तो व्यवहार गर्ने, शिक्षित, कवि, लेखक, इतिहासकारहरूले पनि देशका लागि लड्ने र संस्कृति निर्माण गर्नेहरूलाई बेवास्ता गरी शक्ति र शासककै बारेमा मात्रै लेख्ने जस्ता अनेक आक्रोशपूर्ण गुनासा कविसँग गर्छ । उसका गुनासा जायज ठानेर कवि उनीहरूकै पक्षमा लेख्न तयार हुन्छ अनि सातौँ भागमा कवि उसकै आरनमा उसैसँग बसेर ढिँढो खाएर आत्मीयता देखाउँछ । त्यसपछि छेलाङीलाई पनि लाग्न थाल्छ अब आरनको कथा पनि लेखिन्छ कि ! यसरी महाकाव्यको पहिलो खण्डमा विषयको उठानको पृष्ठभूमि प्रस्तुत गर्नुका साथै समाजमा विद्यमान सीमान्त समुदायप्रतिको विभेद र दलनको अर्थहीनता अनि चरम अमानवीयताको समेत सङ्केत गरिएको छ ।

स्वाधिष्ठान नामको दोस्रो खण्डमा महाकाव्यको ऐतिहासिक विषयवस्तु खुल्न थाल्छ । मकवानपुरे सेन वंशी राजा हेमकर्णले आफ्नो र राज्यको सुरक्षार्थ तान्त्रिक, पुरोहित र लौहकर्मी खोजी तरबार सिद्धि गर्न चाहेका हुन्छन् । त्यसैका निम्ति ७५ बर्से ठूले कामीलाई जेठी तरबार बनाउने जिम्मा दिइन्छ । ठूलेको मनले नचाहे पनि देशको हित पनि हुने देखेर राजाज्ञा सकार्छ । बाबु बाजेले बनाएका हुँदा त्यही सुनेको आधारमा छ जना अन्य सहयोगी खोजी १६० धार्नी फलाम आरनमा नौ महिनासम्म पोल्दै पिटी पिटी इस्पात निकालेर साना साना दुईवटा जेठी तरबार तयार गर्छ । दरबारमा खबर पुग्छ । विशेष समारोह आयोजना गरी जेठी तरबार पेस गर्न लगाइन्छ । ठूले कामी र उसका सहयोगी राजाज्ञा पूरा गरेको हुँदा पुरस्कारसहित स्याबासी पाउने आसले पुग्छन् तर त्यत्रो फलामको त्यति साना दुई तरबार देखेपछि राजाको हंसले ठाउँ छाड्छ र “कहाँ हालिस् एक सय साठी धार्नी फलाम ?” (पृ.१०२) भन्दै आगो हुन्छन् । दरबारमा बेइमानहरूबाट घेरिएका राजाले ठूलेलाई पनि ठग ठान्छन् । ठूलेले वास्तविकता बताउन खोज्दा भारदारहरूले रोक्छन् । उनीहरू न राजालाई सत्य कुरा भन्छन् न भन्न दिन्छन् । राजाले रिसले हुत्याएको एउटा जेठी तरबार परको रुखमा पुगेर गढ्छ । तान्त्रिक विधिले तरबार सिद्धि गर्ने कुरा त्यत्तिकै बिथलिन्छ । पुरस्कृत भइएला भनेर गएका ठूलेहरू उल्टो गहिरो सन्त्रास बोकेर  फर्किन्छन् ।

केही दिनपछि दिनप्रतिदिन भाइ, छोरा र भारदारको जालसाजी, षड्यन्त्र र छिमेकी राज्यको दबाबले चिन्तित बनेका राजा बगैँचामा घुम्न आउँदा उनले रिसले हुत्याएर फ्याँकेको जेठी तरबार गढेको ठुलो रुख एक्कासि मरेको देख्छन् । त्यही बेला उता हात्तीसारमा आगो लागेकाले ठुला ठुला साङ्लाले बाधेका हात्तीहरू डढेर मर्ने अवस्था आइलाग्छ अनि जेठी तरबारले साङ्ला चटाचट काटेर बचाएको कुरा पनि सुन्छन् । त्यसपछि जेठी तरबारको महत्त्व र निर्माणको असली रहस्य उनलाई थाहा हुन्छ । त्यसबाट उनलाई आफूले ठूलेप्रति अगाडि गरेको रुखो व्यवहार ठिक लाग्दैन र ऊ जहाँ भए पनि खोजेर ल्याउन भन्छन् । यी सबै कुरा छेलाङीले कविलाई भन्ने क्रममा आएका हुन् । यसै क्रममा विशेषतः छैटौँ भागमा छेलाङीले श्रमजीवी आफ्नो समुदायलाई राजाले गरेको चरम दुव्र्यवहारप्रति असन्तोष, आक्रोश र विद्रोह पनि व्यक्त गरेको

छ । यसरी यस खण्डमा राजाको अदूरदर्शिता र शासन क्षमताको अभावमा एकातिर दरबारमै भित्रभित्रै मच्चिएको रँडाको र अर्कोतिर जनसामान्यले व्यहोरेको गहिरो मानसिक पीडा वा सन्त्रासलाई देखाइएको छ ।

अनाहत नामको चौथो खण्डमा राजाज्ञाअनुसार सेना ठूले कामी खोज्न जान्छ तर राजाको क्रूर व्यवहारका कारण गाउँमा सन्त्रास फैलिएको हुन्छ अनि गाउँलेले ठूलेको खबर भन्दैनन् । कसैले नभने पनि अन्ततः ठूले मरेको खबर सेनाले पत्ता लगाउँछ र त्यही पुऱ्याउँछ ।

दरबारमा जेठी तरबारको विधिपूर्वक सिद्धि गरिन्छ र एउटा जेठी तरबार राजाले आफ्नै जुवाइँ पृथ्वीनारायण शाहलाई दिन्छन् । पृथ्वीनारायण रानी इन्द्रकुमारीलाई त्यही छाडी बनारसमा सैन्य सामग्री जुटाउन जान्छन् । पछि गोर्खाले नुवाकोटसँग युद्ध गर्दा त्यहाँका राजा शङ्खमणिलाई सोही जेठी तरबार प्रहार गरेर दलमर्दनले मार्छन् । त्यसपछि उपत्यकाको विजय यात्रामा लाग्दा पृथ्वीनारायणले सोही जेठी तरबार प्रयोग गरेको बुझिन्छ । त्यसपछि भने गोर्खा र मकवानपुरमा रहेका जेठी तरबार कहाँ पुगे कसैलाई थाहा हुन्न । तरबारसँगै नेपाली वीरता पनि हराए जस्तो देखिन थाल्छ ।

यसरी यस खण्डमा जेठी तरबारको महत्त्व र त्यसका निर्माताको उपेक्षाका साथै हराएका तरबारसँगै नेपाली वीरता पनि हराएको तितो ऐतिहासिक वास्तविकता देखाइएको छ । साथै मूल विषयसँग प्रासङ्गिक विषयका रूपमा पृथ्वीनारायणको सन्दर्भ पनि जोडेर ऐतिहासिक विषयलाई अझ व्यापक बनाउन खोजिएको छ ।

विशुद्ध नामको पाँचौँ खण्डमा छेलाङीको कटेरामा सुतेको कवि बिहान छेलाङीसँगै उठ्छ । कविले छेलाङीको आकृतिसँग फेरि संवाद सुरु गर्छ । संवादमा समाजको अमानवीय प्रवृत्तिका बारेमा गम्भीर विमर्श चल्छ । यस क्रममा राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृतिहरूको स्वाभाविक र विकृत रूप के हो भन्ने सङ्केत गर्दै सहिष्णु अनि मानवीय चरित्र प्रदर्शन गर्न छेलाङी आग्रह गर्छ । कवि सहमत हुन्छ । अहिलेसम्म जेठी तरबारको कथा नलेखिए पनि भोलिकाले लेख्लान् वा हामी आफै लेखौँला भन्ने छेलाङीको आशावादी दृष्टि देखिन्छ । कवि त्यो काम आफैले गर्न खोज्छ । यसरी यहाँ समय क्रममा खोलो फर्किनेछ, गरिब, उपेक्षित, दलित, अछुत ठानिएका श्रमजीवीको पनि दिन फर्किनेछन् भन्ने आशावादी स्वर प्रकट भएको छ । यसले महाकाव्यको विषयवस्तुले समाधानको बाटो पैल्याएको सङ्केत दिएको छ ।

आज्ञा नामको छैटौँ खण्डको पहिलो भागमा जुनीमाया ठकुरीका पीडा र सङ्घर्ष पोखिएका छन् । ठकुरीकी छोरी भए पनि छेलाङीसँग प्रेम विवाह गरेर समाजबाट जति नै पीडा व्यहोर्नुपरे पनि ऊ आफ्नो निर्णयमा दृढ देखिन्छे । यसपछि छेलाङी परिवारसँग बिदा भई हिंडेको कविका मनमा अनेक तरङ्ग चल्न थाल्छन् । उसले छेलाङीजस्ता थुप्रै सीमान्तकृत परिवार राष्ट्रिय झण्डामा समेटिनुपर्ने देख्छ । साथै मकवानपुर गढी मन्दिरका कृष्ण स्वयम्ले ठूले कामीको पूर्णकदको सालिक मन्दिरसँगै राख्न बनाएको पनि देख्न थाल्छ । अनि रातभर आरनमा बसी छेलाङीसँग गरेको संवादका आधारमा कविले ‘अग्नि’ महाकाव्य लेख्ने अठोट गरेको सन्दर्भसँगै यो टुङ्गिन्छ । यसरी यस खण्डमा मूलतः जुनीमायाको दृढ र स्वाभिमानी चरित्रको प्रकाशन अनि कविले सीमान्तकृत वर्गलाई देशको मूल धारमा समेट्ने गरी महाकाव्य लेख्ने विषयको निर्धारण गरेको सन्दर्भ आएको छ । त्यस्तै भगवान् कृष्ण स्वयम्ले ठूले कामीको सालिक बनाउन लगाएको जस्तो स्वैरकाल्पनिक विषय पनि यहाँ आदर्शवादको पक्ष पोषणका लागि आएको छ ।

अग्निको सुरुवात नामक अन्तिम खण्डमा समाजमा देखिएका अमानवीय विभेदप्रति असन्तोष जनाउँदै समन्वयात्मक सकारात्मक दृष्टिकोण वा उदार मानवतावादी दृष्टिकोण प्रस्तुत गरिएको छ । यो नै यस महाकाव्यको कथ्य पनि हो (न्यौपाने, २०७५, पृ. ४४) । यसरी इतिहासमा घटेका विषय भए पनि सीमान्तकृत वर्गसँग सम्बद्ध भएकाले इतिहासमा

उल्लेख नगरिएकाले लुप्तप्राय बनेको सो विषयलाई स्थलगत सर्वेक्षण गरी पुनर्निमाणका साथ यस महाकाव्यको विषय बनाइएको छ । पुनर्निर्माण गर्दा उपलब्ध भनाइ र किम्वदन्तीलाई समय सापेक्ष अनुकूलन गरिएको छ । त्यस अनुकूलनले सीमान्तकृत वर्गको पक्षधरता लिएको छ जुन मानवीयताका दृष्टिले एकदमै उचित हो ।

## महाकाव्यमा सीमान्तीकृत र गैरसीमान्तीकृत वर्गको स्वरूप

अग्नि महाकाव्यको विषयवस्तु मूलतः सीमान्त वर्गको पक्षधरताबाट बुनिएको छ । यस क्रममा सीमान्त वर्गप्रति गैरसीमान्त वर्गको के कस्तो दुव्र्यवहार हुँदै आएको छ भन्ने कुरा यसमा देखाइएको छ । त्यो देखाउने काम मुख्यतः सीमान्त वर्गका अछुत ठानिने ठूले कामी, छेलाङी विश्वकर्मा र जुनीमायाप्रति राजा, उसका भारदार, जुनीमायाका माइती र त्यहाँको समाजद्वारा गरिएको व्यवहारमार्फत् भएको छ ।

ठूले कामी यस महाकाव्यको प्रमुख पात्र हो तर छेलाङी जस्तो यो पढेलेखेको छैन । यो लौहकर्मको विशिष्ट सीपयुक्त कालिगढ हो । यसको सिप जेठी तरबारमा देखिएको छ । सेन वंशीय राजा हेमकर्णको अक्षमता र अदूरदर्शिताकै कारण दरबारमा मच्चिँदै गएको असन्तोष र कलह अनि समाजमा छाएको सन्त्रासका कारण ऊ जेठी तरबार बनाउन इच्छुक नरहे पनि अरू कोही नभेटिएका र राजाको त्रास अनि देशको हितसमेत हुने देखेर उसले त्यो काम सकारेको हो र निकै कष्ट सहेर फत्ते पनि गरेको थियो तर राजाले उल्टो उसलाई ठगीको आरोप लगाई तिरस्कृत गरे । स्पष्टीकरण दिन खोज्दा भारदारहरूले रोके । अन्ततः सोही पीडाका कारण उसको मृत्यु भयो ( पौडेल, २०७८, पृ. ३१) । पछि जेठी तरबारको वास्तविकता थाहा हुँदा राजामा ठूले कामीप्रति आआफूबाट ज्यादती भए जस्तो भाव देखिए पनि मन्त्री भारदारहरूमा त्यो पनि देखिन्न । यस्तै अछुत ठानिने छेलाङी विश्वकर्मासँग प्रेम विवाह गरेकी जुनीमायालाई उसका माइती, आफन्त र समाजले बहिष्कारमात्रै गरेका छैनन् । दिनदिनै अनेक कुरा काटेर त्यस समाजबाट पलायन हुन बाध्यसमेत पारेका छन् । बेसी झरेपछि पनि त्यो क्रम रोकिएको छैन (खत्री, २०७७, पृ. ५२) । इतिहासदेखि वर्तमानसम्म सीमान्तकृत अछुतप्रति यस्तो उत्पीडन हुँदै आएको देखेबुझेको कवि भने फरक वर्गको भए पनि उत्पीडितहरूकै पक्षमा देखिएको छ ।

## अग्नि महाकाव्यका सीमान्तीकृत र गैरसीमान्तीकृत पात्र र तिनको वर्गीय भूमिका

प्रस्तुत महाकाव्यमा सीमान्तीकृत वर्ग र गैरसीमान्तीकृत वर्गका बिचको सम्बन्धलाई पनि प्रस्तुत गरिएको छ । गैरसीमान्तीकृत वर्ग भन्नाले अभिजात वर्ग र सीमान्तीकृत भन्नाले शोषित, पीडित, किनारीकृत वर्गलाई जनाइएको छ । उक्त दुवै वर्गका बिचको दृष्टिकोणलाई पात्रगत विशिष्टताका आधारमा यहाँ विश्लेषण गरिएको छ :

### सीमान्त पात्र र तिनको वर्गीय भूमिका

प्रस्तुत महाकाव्यमा सीमान्तकृत वर्गमा पर्ने पात्रहरूमा ठूले कामी, छेलाङी विश्वकर्मा, जुनीमाया, ठूले कामीलाई जेठी तरबार बनाउन सहयोग गर्ने छ जना, ठूलेकी श्रीमती, छोरो, छिमेकी, हेमकर्ण राजाको हात्तीसारमा काम गर्ने मानिसहरू र जुनीमायाका छोराछोरी पर्दछन् । महाकाव्यमा तिनको भूमिका फरक फरक छ । तीमध्ये बढी महत्त्वको भूमिका गर्ने ठूले कामी, छेलाङी र जुनीमाया हुन् ।

### ठूले कामी

मकवानपुरे सेन वंशी राजा हेमकर्णको शासन समय (सं.१७९०–१८१६) को ७५ बर्से बृद्ध लौहकर्मी हो । आफ्नो पेसामा यो निकै दक्ष थियो । त्यसैले राजाले यसलाई जेठी तरबार बनाउन लगाएका थिए । धेरै मिहिनेत र सीप लगाएर यसले

त्यो काम गरिदिए पनि राजाको अज्ञानताका कारण यसले उल्टो ठग वा चोरको संज्ञा पाई दरबारबाट तिरस्कृत हुँदै फर्किनुपरेको छ । सफाइको मौका पनि दिइएको छैन । सोही उत्पीडनका कारण यसको मृत्यु भएको छ । राजाको आतङ्कका कारण यसको मृत्युमा छोरा र श्रीमती पनि डाँको छोडेर रुन पाएका छैनन् । त्यस्तै उसका छिमेकीले पनि सुटुक्क घाटमा लगेर सत्गत गर्नुपरेको छ ।

महाकाव्यमा यो अत्यन्त पीडित पात्र भए पनि आफ्नो पीडा व्यक्त गर्न नसक्ने आवाज विहीन पात्र जस्तो भएर रहेको छ । मर्ने बेलामा मात्रै उसले छोरालाई भनेको छ– “कुनै हालतमा दरबारमा नजानू, भोकै मर्नू तर दरबारसँग आश नगर्नू” (पृ.२०३) । उसको भनाइले तत्कालीन शासक र तिनका आसेपासेप्रति सीमान्तकृत समुदायको कस्तो नकारात्मक मनोविज्ञान निर्माण भएको थियो भन्ने स्पष्ट हुन्छ । साथै यस्तो नकारात्मक मनोविज्ञान विकसित हुनुमा उनीहरूकै विवेकहीन कर्म उत्तरदायी देखिन्छ ।

ठूले कामी यस महाकाव्यको प्रमुख नायक नै हो । हुन त महाकाव्यमा यसको उपस्थिति दोस्रो र तेस्रो खण्डका सीमित भागमा मात्रै छ तर समग्र महाकाव्यीय प्रभाव ऊ र उसले बनाएको जेठी तरबार अनि उसले भोगेको दुर्दशासँग सम्बद्ध भएर आएको छ । महाकाव्यको स्थापना नै ठूले कामी जस्ता विशिष्ट सीपयुक्त श्रमिकले राज्यमा उपेक्षा, तिरस्कार नभई समुचित सम्मान पाउनुपर्छ अनि उनीहरूको मेटिएको इतिहास पुनः उत्खनन गरेर लेखिनुपर्छ भन्ने छ । यसका पछिल्ला पुस्ता (छेलाङी) पनि त्यसैका लागि सङ्घर्षशील छन् ।

**छेलाङी विश्वकर्मा**

प्रस्तुत महाकाव्यको अर्को महत्त्वपूर्ण पात्र छेलाङी विश्वकर्मा हो । ऊ ठूले कामीकै दरसन्तान हो तर कतिऔँ पुस्ताको हो भन्ने चाहिँ उसलाई नै थाहा छैन । ठूले १८०० सालतिरको हो भने छेलाङी २०५० सालतिरको वा वर्तमान समयको हो । आरन नै उसको पनि कर्म थलो हो । आर्थिक दृष्टिले विपन्न भए पनि चेतनाका दृष्टिले भने महाकाव्यको सबैभन्दा बढी सचेत पात्र हो । हुन त उसले स्नातक तहमा भर्ना भएर पढ्न खोजेको हो तर शिक्षालय र पाठ्यक्रम कतै पनि आआफू जस्ताको कुरा पढ्न नपाए पछि औपचारिक अध्ययन छाडेको छ । स्वतन्त्र अध्ययन गर्ने परिवेश पनि खासै पाएको छैन । जीवनमा देखेभोगेका कुरा नै ज्ञानका स्रोत बनेका छन् । महाकाव्यमा उसको तार्किक चरित्र उठाउँदा तदनुकूलको पर्याप्त पृष्ठभूमि नदिए पनि महाकाव्यीय कथ्य निर्माणमा उसको महत्त्वपूर्ण भूमिका देख्न सकिन्छ । उसैका माध्यमबाट महाकाव्यमा समाजको अमानवीय कर्मको उछितो काढिएको छ । कविलाई सीमान्तकृत वर्गप्रति सहानुभूतिशील बनेर काव्य सिर्जना गर्न प्रेरित गर्ने व्यक्ति पनि ऊ नै देखिएको छ । ठूले कामीको व्यथामय कथा कविलाई सुनाउने पनि ऊ नै हो ।

छेलाङी विपन्न र उपेक्षित वर्गको पात्र भए पनि आवाजविहीन भने होइन । ऊ आफ्नो वर्गले त्यस समाजमा इतिहासदेखि भोग्दै आएको दासताबाट पूर्ण परिचित छ । त्यसैले दलनमा पार्ने वर्गप्रति उसको असन्तोष, आक्रोश र विद्रोह ठाउँ ठाउँमा प्रकट भएको छ (अवस्थी, २०७८, पृ. ४) । आआफू जस्ता सीमान्त वर्गको कथा लेख्छु भनी आएको कविलाई पनि यसले बारम्बार छासेको छ । “शासकको इतिहास लेख्ने कलमहरू झुप्रामा कहिल्यै आएनन्” (पृ.१२६) भन्ने यसले “म कुनै लेखन्दास होइन, लेखक खोजिरहेको छु” (पृ.४) भनेको छ । सीमान्त वर्गको लेखक हुन पहिला तीप्रति मुटु मिसिनुपर्छ भन्ने उसको स्पष्ट भनाइ छ । साथै लेख्नका लागि लेख्ने होइन, मुटु फुटाएर रगतको अक्षरले लेख्नुपर्छ (पृ.२४४) भन्ने उसको आग्रह छ । त्यस्तै हामी आगो बाँच्नेहरूको कथा हिउँ जिन्दगी बाँच्नेले कसरी लेख्ला भन्ने आशङ्का गर्दै उसले भनेको छ–

अधिकारको झण्डा
मूल बाटोमा परेको दिन
हामी आफै लेख्छौँ आफ्नो कथा
र टाढा–टाढासम्म सुनिने गरी
हामी आफै गाउँछौँ आफ्नो मुक्तिको गीत ! (पृ.१९)

इतिहासदेखि नै पौरखी शिल्पीहरू र श्रमजीवीहरूलाई धर्मको नाममा अछुत भनी घृणा गर्ने र तिनीहरूलाई विभिन्न किसिमका दलन वा उत्पीडन पार्नेहरूको ऊ विरोधी हो । त्यसैले उसले भनेको छ– तरबार, खुँडा, खुकुरी, छुरी, तोप, बन्दुक, त्रिशुल, सुदर्शन चक्र, धनुष्काण, परशु, सर्पास्त्र, गरुगास्त्र, इन्द्रब्रज, गाण्डिव, कालदण्ड, स्वर्ग, वैकुण्ठ, स्वर्णलङ्का, द्वारिका, हस्तिनापुर, बूढानीलकण्ठ, स्वयम्भू चैत्य, मन्दिर, मूर्ति, सिंहदरबार, काष्ठमाण्डप, सुन्दर गर्गहना आदि सबै हामी श्रमजीवी शिल्पीले बनाउने तर नाम र भोग चाहिँ अरूको अंशमा पर्ने यो कस्तो पुराण इतिहासदेखिको चलन हो ? लड्नेको इतिहास छैन, शासकको मात्रै किन छ ? “जनताको ढाड टेकेर राजाहरूको मात्र इतिहास लेखियो, परिणामः श्रम छोपियो, श्रमिक छोपियो” (पृ.१७१) किन ? हामीले फलाम त पगाल्यौँ तर मान्छको मन किन पग्लेन ? भुइँमान्छेको इतिहास गाढिएको गढी वा राज्यको के काम ? आरन बाँच्न आरन चलाउने बाँच्नुपर्दैन ? आरन सकिएको दिन देशको एउटा संस्कृति, वीरताको जग र युद्धकालीन घरेलु इञ्जिनियरिङ सकिँदैन ? आदि आदि ।

यस्तै हामी उनै विश्वकर्माका सन्तान भए पनि पौराणिक कालमै पनि शिल्प विज्ञान विधाता प्रभात, विज्ञान विधाता वसु (पृ.४५), भृगु, बृहस्पति (पृ.४६) आदि उपेक्षित जस्तै थिए । त्यसैले “ठगिन त हामी सृष्टिको मूलाधारमै ठगिएका रहेछौँ !” (पृ.४६) भन्ने बोध उसलाई भएको छ । हिजो ठगिए पनि अब ठगिएर नबाँच्ने पनि उसको दृढ अडान देखिन्छ । ऊ भन्छ–

फरक फरक नगरी इतिहासको हिसाब / अरू त के
अब मृत्युसँग पनि सम्झौता हुन्न मेरो (पृ.१२६)

यसबाट उसभित्र कति चर्को विद्रोह उम्लिरहेको रहेछ भन्ने सहजै अनुमान गर्न सकिन्छ । त्यति धेरै विद्रोह उम्लेको भए पनि ध्वंसक र अराजक भने ऊ छैन । उसले भनेको छ–

हामी निर्माणका ज्ञाता हौँ
तर धेरैको चेतनामा घन र हतौडा हान्नै बाँकी छ । (पृ.१३०)

मान्छेको चेतनामा परिवर्तन ल्याएर समाज रूपान्तरण गर्ने छेलाङीको अपेक्षा छ । महाकाव्य वा कविले पनि यही अपेक्षा गरेको देखिन्छ । जस्तै–

परम्परा तोड परम्पराको / बालेर आगो युगचेतनाको । (पृ.२८३)
उक्लेर आफ्नो दिलको उकालो / खुर्केर आफ्नै दिलभित्र कालो
जो गर्छ आफ्नै दिलभित्र क्रान्ति / त्यै क्रान्ति हो शाश्वत पूर्णक्रान्ति । (पृ.२८५)
यता उकासूँ श्रमको उज्यालो / उता निखारूँ दिलको अँध्यारो
फैलेर चारैतिर एकनास / जीवन्त होस् मानिसको सुवास । (पृ.२८६)

यसबाट महाकाव्यको सीमन्तीयताको पक्षधरताको पोषक चरित्रका रूपमा पनि छेलाङी चिनिएको छ।

**जुनीमाया ठकुरी**

नारी भए पनि जातीय छुवाछुतलाई नकार्ने, गरिब र अछुत ठानिनेसँग अन्तर जातीय प्रेम विवाह गर्ने, सोही कारण माइती, आफन्त र समाज पूरै विपक्षमा भए पनि उनीहरूसँग नझुक्ने, जस्तै सङ्कट परे पनि उनीहरू सामु आँसु नझार्ने, आफ्ना छोराछोरीलाई स्कुलमा विभेद गरिएको थाहा पाएपछि प्रधानाध्यापकसँग झगडिन पुग्ने, फेरि यस्तो भए मुद्दा हाल्छु भनी थर्काउने जस्ता काम गरेकी छ। ऊ अत्यन्त दृढ स्वभावकी स्वाभिमानी चरित्र हो। उसले छेलाङी विश्वकर्मासँग प्रेम गरेर उसैसँग भागी विवाह गरेकी छ। त्यसको मूल्य उसले धेरै नै चुकाउनु परे पनि आफ्नो निर्णयमा कहिल्यै पछुतो गरेकी छैन। आफन्त र समाजले सारै कुरा काट्न थालेपछि ऊ लोग्नेलाई लिएर बेसी झरेकी छ तर त्यहाँ पनि बुढी कमिनी र छुची कमिनी भनेर उसलाई हियाउने गर्छन्। त्यो उसलाई पटक्कै मन पर्दैन। ऊ आफ्नो नामबाट मात्रै चिनिन चाहन्छे। सीमान्त वर्गीय बने पनि उसले निजी स्वतन्त्रता गुमाउन चाहन्न। स्वनिर्णय उसका लागि धेरै नै महत्त्वको छ। दरबारमा पराधीन बलात्कृत राजकुमारी भएर बाँच्नुभन्दा उसलाई त्यही स्वतन्त्र छाप्राको जीवन बेस लागेको छ (पृ.२६१)। "आआफू आफै भएर आफ्नै निर्णयमा बाँच्न" (पृ.२६१) चाहने ऊ स्वअस्तित्वले भरिएकी स्वाभिमानी चरित्र हो। झुकेर होइन, जुधेर बाँच्ने हुट्हुटी उसमा छ र त कविसँग भन्छे–

तर अब बाँकी गुमाउन चाहन्न / झुक्न चाहन्नँ, सन्तानलाई झुकाउन चाहन्नँ
मजस्ता सबै सबै "म"हरू शिर उठाएर मजाले उभियून्, बाबू ! (पृ.२६३)

त्यसैका लागि ऊ सङ्घर्षरत छ। आवश्यक परे आमा समूह, सहकारी, आम चुनाव आदि जहाँ पनि उठ्ने सोचमा ऊ छ। त्यसैको बाटो खोज्दै छ।

महाकाव्यको छैटौँ खण्डको पहिलो भागमा कविसँग संवादमा मात्रै बोलेकी भए पनि ऊ प्रचुर स्वत्वले भरिएकी र क्रमशः समाज रूपान्तरण गराउन लागेकी जुनीमाया भविष्य सुन्दर देख्ने आशावादी चरित्र हो। यसले पनि कविलाई जुनीमाया कमिनी तपाईँको काव्यमा किन अटाउन्न भन्ने प्रश्न गरेकी छ। नारी भए पनि लोग्ने छोराछोरीलाई उसले आफ्नै रायअनुसार डोऱ्याएकी र व्यवस्थित रूपमा गृहस्थी सञ्चालन गरेकी छ। आठवटा सन्तान जन्माए पनि तीनवटा सन्तान खेर गएका छन्। सन्तान मर्दा उसको आमा मन निकै रोएको छ। (महाकाव्यमा जुनीमाया र छेलाङी जोईपोइ नै सचेत बौद्धिक पात्रका रूपमा चिनिएका छन् तर त्यति धेरै सन्तान अशिक्षित सीमान्तकृत वर्गमा देखिए पनि उनीहरूमा देखिनु भने त्यति स्वाभाविक बनेको छैन।)

महाकाव्यमा देखिने कवि पात्र सीमान्तकृत वर्गको नभए पनि उसको पूरै सहानुभूति त्यस वर्गप्रति देखिन्छ। छेलाङीसँगको एकै रातको सङ्गतले उसको परम्परित सोचाइमा आमूल परिवर्तन भएको पाइन्छ (अवस्थी, २०७८, पृ. २८)। ऊ सीमान्तकृत वर्गको इतिहासदेखि नै दबाइदै आइएको पौरखलाई उजागर गरेर नव काव्य सिर्जना गर्ने सोचमा पुगेको छ। त्यसैले भनेको छ– "इतिहास सच्याउनु छ काव्यका हरफहरूमा" (पृ.२५७)। त्यस्तै शासक र शासितका नाममा विकास भएको मत्स्यन्यायप्रति पनि उसको स्पष्ट विमति छ (पृ.२६६)। यस्तै "के नागरिकको एक बारको जुनी / शासकको सेवाकै लागि मात्र हो त ?" (पृ.२६७) भन्ने प्रश्न पनि गरेको छ। साथै "सीमान्त नागरिकहरू र तिनका जीवन कथाहरू" (पृ.२६८) मा उसको चासो बढेको छ। नयाँ समयले नयाँ काव्यको अपेक्षा गरेकाले अब जन्मलाई होइन कर्मलाई महत्त्व दिने काव्य

निर्माण गर्नेमा ऊ पुगेको छ। यस्तै देश भनेको कुनै एउटा जाति र वर्ग विशेषको नभएकाले सम्पूर्ण देशवासीलाई विभाजनतिर नभई समन्वयतिर लानुपर्छ, देशको झन्डा छुत अछुत, धनी गरिब, हिमाल पहाड तराई जस्ता कुरामा विभाजित हुने कुरा होइन भन्दै तिनै कुरा समेटी "एउटा सार्थक महाकाव्य –अग्नि" (पृ.२७६) लेख्न ऊ हतासिएको देखिन्छ । यसबाट महाकाव्यको कवि पात्र अरू कोही नभई प्रस्तुत महाकाव्यका रचयिता नवराज लम्साल स्वयम् भएको बुझिन आउँछ । यसले महाकाव्यको विषय काल्पनिक नभई नेपाली धरातलीय यथार्थ नै हो भन्ने कुरालाई पनि सङ्केत गरेको छ।

## गैरसीमान्त पात्र र तिनको वर्गीय भूमिका

प्रस्तुत महाकाव्यमा देखिने राजा हेमकर्ण, उनका भाइ जगत, छोरा दिग्बन्ध, मन्त्रीहरू, भारदारहरू, स्कुलको हेड मास्टर, जुनीमायाका माइती, आफन्तहरू र समाजका कतिपय सदस्य सीमान्तकृत पात्रप्रति नकारात्मक दृष्टिकोण राख्ने गैर सीमान्त पात्र हुन्। तीमध्ये राजाको भूमिका बढी महत्त्वको देखिन्छ। उनले ठूले कामीप्रति गरेको विवेकशून्य कामका कारण ठूलेको ज्यानै गएको छ । त्यस्तै आफ्नै भाइ, छोरा, मन्त्री र भारदारहरूलाई पनि उनले विश्वासमा लिन सकेको देखिन्न । सबैप्रति उनको अविश्वास बढ्दो छ। उनी आफैले भनेका छन्–

> म सधैँ ठगिन्छु, छलिन्छु, ढाँटिन्छु, किन ?
> राजा हुँ तर / राजाजस्तो भइनँ, हुन पाइनँ किन ?
> किन अवज्ञा मेरो आज्ञाको ?
> मेरा भारदारहरू / किन भारदारजस्ता भएनन्
> किन भए, बनियाँजस्ता, व्यापारीजस्ता / ठगजस्ता, दलालजस्ता
> बिचौलियाजस्ता, हृदयहीनजस्ता ? / किन मलाई अबुझ सम्झन्छन् ?

माथिका कथनबाट एकातिर राजाको कमजोरी देखिएको छ भने अर्कातिर उनका भाइ, छोरा र भारदारहरूको पनि बेइमानीपन झल्किएको छ । राजाले ठूले कामीप्रति देखाएको आवेगपूर्ण आक्रोशका पछाडि दरबारियाहरूको बेइमानीपूर्ण कुटिलताले समेत काम गरेको देखिन्छ। त्यो कुरा राजाको उक्त भनाइले मात्रै नभई उनीहरूको व्यवहारले नै देखाएको छ। त्यो के भने जेठी तरबार बनाउँदा फलाम किन त्यति धेरै घटेको हो भन्ने कुराको स्पष्टीकरण ठूलेले राजालाई बताउन अघि सर्दा उनीहरूले नबोल्न इसारा गरी रोकेका थिए । त्यसले गर्दा राजाको अज्ञानता कायमै रह्यो र उनले ठूलेलाई तथानाम दुत्कारी रहे। भलै पछि जेठी तरबारको रहस्य व्यवहारमै देखेर उनमा पश्चातापको भाव आएको थियो तर त्यतिखेरसम्म बृद्ध ठूले सोही अपमान, तिरस्कार र लाञ्छनाका कारण मरिसकेको थियो अम्गाई, २०७९, पृ. १७) । यसबाट राजा बेलैमा विवेक पुऱ्याएर उचित निर्णय लिन नसक्ने, आवेगमा गलत निर्णय गरेर पछुताउने, सीमान्तकृत अछुत वर्गप्रति अरूको रिस पोख्ने, उनीहरूलाई गलत आरोप लगाएर तिरस्कृत गर्ने अविवेकी र असफल शासकका रूपमा चिनिएका छन् । उनको निकृष्ट व्यवहारका कारण सीमान्तकृत समाज निकै सन्त्रस्त नै बनेको पाइन्छ।

राजाको भनाइ र व्यवहारबाट उनमा शासकीय क्षमता नरहेको देखिन्छ। त्यही भएर दरबारभित्रै उनलाई कसैले नटेर्ने, छिमेकी राज्यले पनि उनलाई हेप्ने र आफ्नै भाइले राज्य टुक्रयाएर राजा बनेका थिए । त्यसको समाधान उनले तन्त्रमन्त्रद्वारा तरबार सिद्धि गरे हुने देखेका छन् तर त्यतिखेरैका पृथ्वीनारायण शाहले भने देश र आआफू बलियो बन्न सैन्य शक्ति दरिलो बनाउनुपर्ने ठानी हातहतियारको व्यवस्था गर्न बनारस पुगेका थिए।

जुनीमायाका माइती, आफन्त र त्यो समाज पनि सीमान्तकृत वर्ग र अछुत ठानिने जातिप्रति निकै नकारात्मक थिए । यो कुरा जुनीमाया र छेलाङीको प्रेम विवाहपछि तिनीहरूले जुनीमायाहरूलाई गरेको बहिष्कारको व्यवहारबाट देखिएको छ । तिनीहरूको त्यस्तो असामाजिक र अमानवीय व्यवहारबाट दिक्क भएर जुनीमायाहरू त्यो आफ्नो थातथलो छाडेर बेसी झरेका छन् ।

**निष्कर्ष**

'अग्नि' महाकाव्य सीमान्तकृत वर्गको केन्द्रीयतामा रचिएको छ । यसको ऐतिहासिक विषयवस्तुको केन्द्र नै सीमान्त वर्गले व्यहोरेको उपेक्षा, दुख, तिरस्कार, लाञ्छना र उत्पीडन हो । त्यसको स्रोत दरबार हो । शासक विवेकशून्य सन्की भइदिएपछि देश त विघटनमा जान्छ नै, त्यसको मार सबैभन्दा बढी सीमान्तकृत वर्गमा पर्छ भन्ने यहाँ देखाइएको छ । लौहकर्मी ठूले कामी जीवनभर आरनमा खटे पनि उसको झुप्रोमा कुनै सुधार हुन सकेको छैन । उसका पुस्ताले पनि युद्धका लागि हातहतियार निर्माण गर्थे । जेठी तरबार बनाएर दिन्थे । तिनै हतियारका बलमा युद्ध जितिन्थ्यो तर जित्ने शासक मात्रै हुन्थे । हतियार बनाउने र लड्नेको नाम कतै हुँदैनथ्यो । बरु उनीहरू ठूले कामी झैँ लाञ्छित र तिरस्कृत हुन्थे । उल्टो शासकको उत्पीडन सहेर मर्नुपथ्र्यो । इतिहासमा मात्रै यस्तो नभई वर्तमानमा पनि त्यस प्रवृत्तिको निरन्तरता समाजमा देखिएको छ । ठकुरीकी छोरी जुनीमायाले छेलाङी विश्वकर्मासँग प्रेम विवाह गरेकी हुँदा उसका माइती, अफन्त र समाजले बबन्डर मच्चाएका छन् । उनीहरू त्यस समाजमा नै बस्न नसक्ने भएर बसाइँ सर्नुपरेको छ । बेसी झरेका छन् तर त्यहाँ पनि कमिनी भनेर हियाउने काम समाजले गर्न छाडेको छैन तापनि राम्रै चेतना र आत्मबल भएका जोडी हुँदा सबैसँग जुधेर नै उनीहरू बाँचेका छन् । आज नभए पनि भोलि स्थिति परिवर्तन हुने कुरामा उनीहरू विश्वस्त भई सङ्घर्ष गरिरहेका छन् । फरक वर्गको भए पनि कवि उनीहरूकै पक्षमा उभिन पुगेको छ ।

यसरी हेर्दा दरबारदेखि समाजसम्मका सबै शक्तिसम्पन्न वर्ग सीमान्तकृत वर्गका विपक्षमा छन् । ती अछुत जातिप्रति झनै निष्ठुर छन् । सीमान्तकृत अछुतहरूको श्रम र सिप तिनीहरूलाई चाहिन्छ तर त्यसको मूल्य दिन तिनीहरू कन्जुस्याइ मात्रै गर्दैनन्, उल्टै अनेक उत्पीडनसमेत थप्छन् । त्यसप्रति यहाँका सीमानतकृत समुदाय पूरै सचेत छन् । इतिहासमा त्यसको सोझो प्रतिवाद हुन नसके पनि वर्तमानमा हुन थालेको छ । छेलाङीले आफ्ना पुस्ताले व्यहोर्दै आएको शासक र शक्तिसम्पन्न वर्गको दलनलाई उजागर मात्रै गरेको छैन त्यो निकृष्ट कर्मप्रति तार्किक रोष पनि व्यक्त गरेको छ । उसको कुरा सुनेपछि कवि पनि सहमत भएको छ । राजा पनि जेठी तरबारको सामर्थ्य व्यवहारमै देखेपछि भने मनमनै ठूले कामीप्रतिको आफ्नो रुखो व्यवहार सम्झेर पछुताए जस्तो देखिएको थियो । जुनीमायाको मुद्दाको चुनौती सुनेपछि हेड मास्टर पनि बोल्न सकेको छैन । त्यसैले सीमान्तकृत वर्गको वर्गीय स्थिति पूरै राम्रो बनिनसकेको भए पनि क्रमशः उत्साहजनक बन्दै गएको देखिएको छ । यसका लागि ठूले कामीको निरन्तरको लगनसहितको श्रमले आर्जित विशिष्ट सिप र इमान्दारिता, छेलाङीको श्रम र तर्कशीलता अनि जुनीमायाको सुझबुझपूर्ण दृढ सङ्घर्ष र आशावादीताजस्ता कुराले अहम् भूमिका खेलेका छन् । सोही कारणले गर्दा शक्तिसम्पन्न वर्ग आफ्नो शोषणमा आधारित अमानवीय कर्मप्रति हच्चिन बाध्य भएको छ ।

## सन्दर्भ सामग्रीसूची

अंगाई, सुशीला (२०७९), समाज रूपान्तरणको आलोकः अग्नि महाकाव्य, https;//www.ratopatif\.com/story-/258471

अभिलाषी, नवीन (२०७८), 'अग्नि' : मेरो छुटेको इतिहास, https;|/ekagaj.com/article/weekend/40899/

अवस्थी, उमेश (२०७८), इतिहासको सँगालो र सामाजिक प्रवृत्तिको ऐना हो 'अग्नि', https://nagariknews. nagariknetwork. com/arts/779611-1648438541.html

अवस्थी, टेकराज (२०७९), अग्नि महाकाव्यका बारेमा नवराज लम्साललाई दश टिप्पणी र पाँच प्रश्न, httpsM//https;|/www.lokkalam.com/news/14815

उप्रेती, सञ्जीव (२०६८), सिद्धान्तका कुरा, अक्षर क्रियसन्स।

खत्री, लक्ष्मी (२०७७), राजेन्द्र विमलका कथामा सीमान्तीयता, त्रि.वि., मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विभागको दर्शनाचार्यको शोधपत्र।

भुसाल, माधव (२०८१), अग्नि महाकाव्यमा सीमान्तीयता, त्रि.वि., मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विभागको दर्शनाचार्यको शोधपत्र।

नेउपाने, भद्रकाली (२०७५), लीलबहादुर क्षेत्रीका उपन्यासमा सीमान्तीयता, त्रि.वि., मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विभागको दर्शनाचार्यको शोधपत्र।

पौडेल, महेश (२०७८), एक मूर्तिभन्जकको अस्त्रबिम्बः 'अग्नि', https;//jhannaya. nayapatrikadaliy.com/news-detalis/1634/2022-02-19

बराल, ऋषिराज (२०७७), मार्क्सवाद र सबाल्टर्न अध्ययन, दो.सं., साझा प्रकाशन।

लम्साल, नवराज (२०७८), अग्नि, काठमाडौँः बुक हिल पब्लिकेसन।

शर्मा, मोहनराज (२०७०), अवरजन अध्ययन र साहित्य, भृकुटीः १९, पृ.३१४–३२५।

श्रेष्ठ, तारालाल (२०६८), शक्ति, स्रष्टा सबाल्टर्न, डिस्कोर्स पब्लिकेसन।

सुवेदी, अभि (२०६८), सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास, रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड), रत्न पुस्तक भण्डार।